खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
३ नम्बर प्रदेश, नेपाल

फोन { ०५६-५८२८८५
०५६-५८२००६

प.सं. : ०७६।७७
च.नं. : ९५८६

मिति : २०७६।०७।२४

## सूचना ! सूचना !! सूचना !!!

**विषय : न्यूनतम रोजगारीमा संलग्न हुन फाराम भरेका बेरोजगार व्यक्तिहरुलाई आवेदनमा नपुग विवरण थप गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम बेरोजगार व्यक्तिको रुपमा न्यूनतम रोजगारीमा संलग्न हुन इच्छुक व्यक्तिहरुको लगत संकलन गर्ने कार्य गत आ.व. २०७५।७६ को चैत्र र वैशाख महिनामा भएको व्यहोरा सबैलाई अवगत नै छ । उक्त अवधीमा संकलीत सम्पूर्ण विवरणहरु यस वर्ष रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा दर्ता गर्नुपर्ने तथा फाराममा सम्पूर्ण विवरण उपलब्ध नभएमा सूचना प्रणालीले स्वीकार नगर्ने हुँदा, यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा प्राप्त भएका अधिकांश फारामहरुमा आवश्यक विवरणहरु पुरा नभएको पाइएको हुँदा सूचना प्रकाशित मितिले १५ दिन भित्रमा बेरोजगार फाराम भर्नुहुने सम्पूर्ण व्यक्तिहरुले आफ्नो फाराममा उल्लेखीत तपसिल बमोजिमका विवरणहरु समयमानै नगरपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गरी पूर्ण रुपमा भराउनुहुन अनुरोध गरिन्छ । साथै फारामहरु पूर्ण रुपमा नभरेको खण्डमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)मा दर्ता नहुने र सो फाराम भरेका बेरोजगार व्यक्तिहरु स्वतः बेरोजगार सूचीबाट हट्ने भएकाले सोको जिम्मेवार सम्बन्धीत व्यक्ति नै हुने व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।

२) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप दक्षता, रोजगारिको अवस्था (स्वदेश/विदेश/स्वरोजगार) ।

३) निवेदकको १/१ प्रति नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो ।

४) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको फोटोकपी : (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि) ।

५) कुल वार्षिक पारिवारिक आय, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) सुविधा पाए/नपाएको विवरण ।

६) निवेदकको काम सम्वन्धी अनुभव भएमा सो सम्वन्धी विवरण ।

७) निवेदकको बैंकमा खाता भएमा बैंक खाता नम्वर

८) निवेदकको सम्पर्क नं. ।

थप जानकारीको लागि रोजगार सेवा केन्द्र खैरहनी तथा रोजगार संयोजक श्री रमेश पौडेल सम्पर्क नं. ९८४५२१८०४० मा सम्पर्क गर्न सकिने छ ।

(पुरुषोत्तम शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)